# सिंहलद्वीप श्रीलंका
# एक अध्ययन



लेखक

## कृष्ण कुमार प्रजापति

नगदेश बुद्ध विहार

प्रकाशक

**नगदेश बौद्ध समूह–२०४७**

मध्यपुर थिमि नगर–६

महाखेल, नगदेश

भक्तपुर

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स !

# सिंहलद्वीप श्रीलंका

# एक अध्ययन




लेखक

**कृष्ण कुमार प्रजापति**

नगदेश बुद्ध विहार



प्रकाशक

**नगदेश बौद्ध समूह–२०४५**

मध्यपुर थिमि नगर–६

महाखेल, नगदेश

भक्तपुर



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

प्रकाशन माला : १२ (बाह्)

**सर्वाधिकार लेखकमा सुरक्षित**

प्रकाशक : नगदेश बौद्ध समूह–२०४५

स्थान : नगदेश बुद्ध विहार,
मध्यपुर थिमि नगर–६, महाखेल:, नगदेश

☎ ६–६३००८०
६–६३४३६३
६–६३५३९७

प्रथम संस्करण : एक हजार (१०००)

बुद्ध सम्वत : २५४९ अगष्ट २७, शनिबार

बि.सं. : २०६२ भाद्र ११, शनिबार

ई.सं. : २००५ अगष्ट २७, शनिबार

ने.सं. : ११२५ गुँलागा ८, कृष्णाष्टमी, शनिवा:

सहयोग रू. :

कम्प्युटर सेटिङ्ग

हरिदेव श्रेष्ठ

**3D graphic dot com**

मध्यपुर थिमि नगर – १२, दुइंपोखरी
फोन : ६६३२०७०, ६६३०८९९

E-mail : kids555@enet.com.np

मुद्रक

बालकुमारी प्रिन्टिङ्ग प्रेस

मध्यपुर थिमि नगर – १२, दुइंपोखरी
फोन : ६६३०८९९, ६६३२०७०

ISBN 99933-777-7-5

Downloaded from http://www.dhamma.digital

नमो तस्स लोक हितस्स तथागतस्स !



# धर्मोदय सभा

## मध्यपुर थिमि नगर शाखा, नगदेशको
## दोश्रो साधारण सभा प्रति समर्पित

एवं

ध.स.का केन्द्रीय अध्यक्ष, अग्गमहासद्धम्म जोतिक धज श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको करकमलबाट सो सभाको समुद्घाटन एवं प्रस्तुत ग्रन्थरत्न पुस्तिकाको विमोचन गरी लोकार्पण गर्नु भएकोमा वहाँको आयु आरोग्य र सुस्वास्थ्यको कामनाको साथै वहाँप्रति कृतज्ञता गुण जाहेर गरी समर्पित ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# सिंहलद्वीप - श्रीलंका

<u>प्राचीन कथन</u>:– मित्रराष्ट्र श्रीलंकाको प्राचीन अनुश्रुति अनुसार लाट(गुजरात) देशका राजकुमार 'विजयसिंह' आफ्नो मित्रहरूको साथमा त्यसैबेला लंका जानु भयो जुन बेला शान्तिका महानायक, तथागत, गौतम बुद्ध महापरिनिर्वाण हुनुभयो। त्यस बेलासम्म त्यस द्वीपलाई 'ताम्रपर्णी' द्वीप भन्ने गरिन्थ्यो। धर्म सम्राट अशोकद्वारा व्यवस्थित, स्थापित शिलालेखमा त्यस द्वीपलाई 'ताम्रपर्णी' भनी उल्लेख गरेको पाइन्छ। विजयसिंहको पिता 'सिंहबाहु' या 'सिंहल'को नामबाट त्यस ताम्रपर्णी द्वीपलाई 'सिंहलद्वीप' भनी नामांकरण गरीएको थियो।

वर्तमान समयमा त्यसद्वीपमा बहुसँख्यक बासिन्दा 'सिंहल' नै छन् भने उनीहरूको भाषालाई पनि 'सिंहल या सिंहली' भाषा भन्ने गरिन्छ। हाल सिंहलद्वीप या देशलाई अधिक मात्रामा 'लंका' या 'श्रीलंका' भनी प्रसिद्ध भएको पाइन्छ।

धेरैजसो विद्वानहरूको भनाई थियो कि कुमार विजयसिंह गौड देश (वंगाल) निबासी हुनुहुन्थ्यो र वहाँ ताम्रलिप्ति बन्दर गाहबाट पानी जहाजद्वारा त्यसवेला ताम्रपर्णी द्वीप जानु भएको थियो। यस भनाईको आधार यो छ कि लंकाको प्राचीन कथनानुसार 'कुमार बिजयसिंह' लाई 'लाल' निबासी भनिन्थ्यो।



Downloaded from http://www.dhamma.digital

'लाल'को अपभ्रँश भै 'राढ' हुनुपुग्यो। त्यसैले कुमार बिजयसिंह लाई 'राढ देश' निबासी पनि भन्न थालियो। कुमार विजयसिंह राढ देशबाट ताम्रपर्णी द्वीप जानु भएको थियो। पालि भाषाको 'लाल' बाट जसरी 'राढ' बन्न पुग्यो, त्यस्तै गरी 'राढ' बाट 'लाट' पनि हुन र बन्न सक्छ, जुन 'लाट देश' हालको गुजरात प्रान्त (भारत)को पौराणिक नाम थियो । सोही कथनानुसार कुमार विजयसिंहले सुप्पारक (सोपारा) बन्दरगाहबाट प्रस्थान गर्नु भएको थियो। त्यो बन्दरगाह भारतको पश्चिमी समुन्द्रतटनिर स्थित छ। अतः यसरी मान्नु अधिक युक्तिसंगत छ कि श्रीलंकामा प्रथम भारतीय उपनिवेश स्थापना गर्ने व्यक्तित्व कुमार विजयसिंह नै हुनुहुन्थ्यो जो लाट देश (गुजरात) निवासी हुनुहुन्थ्यो। त्यसरी सोपारा बन्दरगाहबाट कुमार बिजयसिंह र वहाँको साथीहरु श्रीलंकाको उत्तरी समुन्द्रतटमा उत्रनुभएको थियो। ई.पू. पाँचौ सदी अघि श्रीलंकाका मूल निबासी सभ्यताको शुभारम्भकालको अवस्थामा थियो, उनीहरू शिकारं गर्ने, मधु र फलफूल सञ्चय गरी जीवन निर्बाह गर्ने गर्दथ्यो। ती मूल निबासीहरूको केही हजार वंशजहरु वर्तमान श्रीलंकामा अहिले पनि छन् जसलाई अहिले 'वेद्दा' भन्ने गरिन्छ। त्यसबेलाका मूल निबासीलाई परास्त गर्नमा कुमार बिजयसिंहलाई कुनै कठिनाई भएन, सजिलैसित हराई वहाँले भारतीय उपनिवेशको



Downloaded from http://www.dhamma.digital

स्थापना गर्ने शुभारम्भ गर्नु भएको थियो । त्यसैवेला कुमार विजयसिंहका साथ श्रीलंका गएका सबै पुरुष वर्गमात्र भएकोले सन्तान दर सन्तानको परम्परा बसाल्नको लागि स्त्री वर्गको आवश्यकता पर्दथ्यो नै। श्रीलंकाको प्राचीन अनुश्रुतिको बमोजिम कुमार विजयसिंहले समुन्द्रपारिका एक राजालाई अनुरोध गरी पत्र पठाउनु भयो र सोही पत्रको अनुरोधलाई स्वीकारी लंकामा बस्नको लागि एक हजार परिवार संख्या पठाई दिनु भएको थियो। त्यसरी परिवार संख्या पठाउँदा बढीमात्रामा कुमारीहरू पनि पठाई दिनु भएको थियो। विजयसिंह र वहाँको साथीहरूले तीनै कुमारी महिलाहरूसित विवाह गरी जीवन यापन गर्नु भएको थियो । त्यसबेला समुन्द्रपारीबाट कुमारी महिलाहरू लंकामा धेरैजसो दक्षिणी भारतबाट गएका र पठाएका थिए । त्यहाँदिखिनै लंकामा दक्षिणी भारतका मानिसहरूको प्रवेश भएको थियो ।

लंका भारतीय उपनिवेशको रुपमा रही आएको प्राचीन अभिलेखहरूबाट पनि पुष्टी हुन आउँछ । लंकाको उत्तरी र दक्षिण पूर्वी प्रदेशको उत्खनन्बाट त्यस्ता उत्कीर्ण लेखहरू उपलब्ध हुन आएको छ, जुन आर्य भाषा परिवारको कुनै पुरानो भाषा 'हेलु' या 'एलु' भाषामा लेखेको रहेछ, जुन अभिलेख लेख्नमा प्रयोग भएको लिपि ई.पू. दोश्रो–तेश्रो सदीमा तत्काल



Downloaded from http://www.dhamma.digital

प्रचलित भारतीय लिपिसित मिल्दो-जुल्दो छ । लंकाको सिंहले भाषाको विकास त्यही 'एलु' या 'हेलु' भाषाबाट नै भएको थियो भनी अभिलेखहरू उल्लेख गरेको पाइन्छ ।

बुद्ध धर्मको प्रचार–प्रसारः– दीपवंश र महावंश जस्ता लंकाको प्राचीन इतिहासमा उल्लेख भए अनुसार विजयसिंहका सन्तान थिएनन्, निसन्तानको रुपमा थिए । अतः राजा विजयसिंहले 'लाट देश' (गुजरात) मा आफ्नो भाईलाई लंकामा राजगद्दी सम्हाल्न लंका आउनु भनी पत्र लेख्नु भयो । राजा विजयसिंहका भाईले स्वदेश छोडेर लंका आउन नसक्ने, बल्की मेरै छोरा अर्थात् तपाईको भतिजा पाण्डु बासुदेबलाई लंका पठाइदिन्छु भनी लंका पठाइ दिनु भयो र राजा विजयसिंह पश्चात लंकाको राजसिंहासनमा पाण्डु बासुदेबलाई बसाली राजा घोषणा गरीएको थियो । राजा पाण्डु बासुदेबको तिन पिढी पश्चात 'देवानापिय तिस्स' लंकाको राजसिंहासनमा शासनारुढ हुन पुग्नु भयो । वहाँ राजा धर्म सम्राट अशोकका समकालीन हुनहुन्थ्यो । राजा तिस्सले मौर्य सम्राट, महान धर्मराजा अशोकलाई विभिन्न बहुमूल्य भेट-उपहारहरूका साथ एक दूतमण्डल पनि पठाउनु भएको थियो । त्यसरी दूतमण्डल पठाउनु अघिसम्म पनि बुद्ध धर्मबारे सुईकोसम्म भएको थिएन ।



Downloaded from http://www.dhamma.digital

श्रीलंकामा बुद्ध धर्मको प्रवेश देवानांपिय तिस्स राजाको समयमा भएको थियो। धर्म सम्राट अशोकका पुत्र महेन्द्र र पुत्री संघमित्राले लंकामा बुद्ध धर्म प्रवेश गराउन महत्वपूर्ण कार्य गर्नु भयो। स्मरणीय कुरो यो छ कि धर्म सम्राट अशोकको शासनकालमा श्रद्धेय आचार्य भिक्षु मोग्गलिपुत्त तिस्स महाथेरको अध्यक्षतामा तेश्रो संगायना(संगीति) भएको थियो, जुन संगायनाद्धारा आन्तरिक मतभेदलाई दूर गरी देश विदेशमा बुद्ध धर्म प्रचार प्रसार गर्ने योजना तर्जुमा गरीएको थियो।

<u>श्रद्धेय भिक्षु महेन्द्र स्थविरको टोली लंकामा पदार्पणः</u>–त्यही योजना मुताविक विभिन्न देश प्रदेशमा प्रचारक समूहहरु खटाई पठाएको थियो। त्यसरी विभिन्न नौ प्रदेशहरुमा धर्म प्रचारार्थ पठाएकामध्ये महान धर्म सम्राट अशोकको कुल पुत्र भिक्षु महिन्द (महेन्द्र) स्थविरलाई टोली नेताको रुपमा मित्रराष्ट्र श्रीलंकामा सद्धर्मको दुन्दुभी बजाउनु पठाउनु भयो भने सो टोलीमा भिक्षु इट्टिय, भिक्षु उत्तिय, भिक्षु सम्बल र भिक्षु मद्दशाल स्थविरहरु हुनुहन्यो। त्यसरी ताम्रपर्णी (तम्बपाण्णि) (सिंहल, श्रीलंका)मा उल्लेखित श्रद्धेय भिक्षुहरू सद्धर्म प्रचारार्थ जानु भएको थियो [*] लंकाका राजा देवानांपिय तिस्सले आफ्नो

[*] यसै पुस्तकका रचनाकार, लेखक कृष्ण कुमार प्रजापतिको अर्को महत्वपूर्ण कृति न्हायकुति भगवान– एक परिचय पुस्तकको पृष्ठ नं. २३-२९ मा लिखित अशोककालीन धर्म प्रचारक बौद्ध भिक्षुहरू र प्रदेशहरू– एक चर्चा अध्याय पढ्नुहोस्।



Downloaded from http://www.dhamma.digital

दूतमण्डल धर्म सम्राट अशोककहाँ आफ्नै भाञ्जा महाअरिट्ठलाई टोली नेताको रुपमा पठाउनु भयो भने सोही दूतमण्डललाई धर्म सम्राट अशोकले पाटलीपुत्र (हाल पटना)मा पाँच महिनासम्म अतिथिको रुपमा सत्कार गरी सद्धर्मको अभ्यास गराई राख्नु भयो । त्रिशरण सहितको सद्धर्मलाई अभ्यास गरी धर्म सम्राट अशोकको सु-सन्देश लिएर टोली नेता महाअरिट्ठ लगायत सबै लंका फिर्ति भएकै बेला धर्म सम्राट अशोक-पुत्र भिक्षु महेन्द्र लगायत माथी उल्लेखित ५ जना श्रद्धेय भिक्षुसंघ टोली मित्र राष्ट्र लंकामा धर्म प्रचारार्थ पुग्नु भएको थियो । स्मरणीय कुरो यो पनि छ कि श्रद्धेय भिक्षु महेन्द्र स्थविर लंका जानुअघि ममतामयी आमा 'देवि विदिशा'को दर्शन गर्न विदिशामा जानु भयो । त्यसबेला भिक्षु महेन्द्र स्थविरको आमा बैदिशगिरी महाविहारमा रहनु भएको थियो, जुन महाविहार महारानी विदिशादेवीले नै निर्माण गर्न लगाउनु भएको थियौं । ममतामयी आमाको दर्शनपश्चात नै भिक्षु महेन्द्र स्थविरको टोली विदिशानगरबाट सिधै लंका जानु भएको थियो । लंकाको अनुराधपुरबाट आठ माईल पूर्वतर्फ उत्रनु भयो, त्यो पावन ऐतिहासिक थलोलाई 'महिन्दतल' भन्ने गरीनछ । श्रद्धेय भिक्षु महेन्द्र स्थविरको धर्म प्रचारक टोली श्रीलंकामा आई पुग्नु भयो भने समाचार प्राप्त हुनासाथै राजा देवानांपिय तिस्स स्वयं



Downloaded from http://www.dhamma.digital

श्रद्धेय भिक्षु संघ टोलीलाई लिन जानु भयो । राजा तिस्सको भाञ्जा महाअरिट्ठ मार्फत् धर्म सम्राट अशोकको सन्देश प्राप्त भए देखि नै बुद्ध धर्म र दर्शनप्रति अनुरागी भै रहनु भएको राजा तिस्सलाई♎ श्रद्धेय भिक्षु महेन्द्र स्थविरले 'चूलहत्थिपदोपम सुत्त' को धर्मोपदेश दिनु भयो । श्रद्धेय भिक्षुको धर्मोपदेशबाट प्रभावित भै देवानापिय राजा तिस्स लगायत लंकाका चवालिस हजार मानिसहरू बुद्ध, धर्म र संघ प्रति असीम आस्था राखी त्रिशरण गमन गरी बुद्ध धर्मको दीक्षा ग्रहण गर्नु भयो ।

भिक्षुणी संघमित्रा थेरीको लंका पदार्पण :-

राजकुमारी अनुलाले पनि आफ्नो सहचारिणीहरू सहित भै बुद्ध धर्ममा दीक्षित हुने इच्छा प्रकट गर्नु भयो, तर भिक्षु संघले स्विकार्नु भएन । भिक्षु महेन्द्र स्थविरले राजा तिस्सलाई भन्नु भयो, "महाराज ! हामीलाई स्त्रीहरू, नारीहरू, महिलाहरूलाई प्रव्रज्या गर्ने अनुमति छैन, त्यसैले मिल्दैन । पाटली पुत्रमा मेरी बहिनी संघमित्रा थेरी छ, उनलाई लंकामा बोलाउनुहोस् ! महाराज, यस्तो पत्र लेख्नुहोस्, जुनपत्रको आधारमा मेरी बहिनी भिक्षुणी संघमित्रा थेरीले बुद्धगयाको बोधिबृक्षको शाखा लिई लंका आउने छिन् ।" श्रद्धेय भिक्षु महेन्द्र स्थविर लंका जाने बेलामा नै संघमित्राले भिक्षुणी उपसम्पदा लिई सक्नु भएको रहेछ । श्रद्धेय

♎ के खोज्छस् कानो– आँखो भने भैं ।



Downloaded from http://www.dhamma.digital

भिक्षु महेन्द्र स्थविरको त्यस्तो पवित्र बचन सुनी देवानापिय तिस्स राजाले आफ्नो भाञ्जा महाअरिट्ठको नेतृत्वमा एक दूतमण्डल पुनः पाटलीपुत्रमा पठाउनु भयो। त्यो दूत मण्डलले दुई पवित्र कार्य सम्पन्न गर्नाखातिर पाटलीपुत्र पुग्नु परेको थियो । एक, श्रद्धेय भिक्षुणी संघमित्रा लंका पदार्पण गर्नको निम्ति आमन्त्रण गर्ने, अर्को बुद्धगया, जहाँ भगवान बुद्धले 'बोधि ज्ञान' प्राप्त गर्नु भएको थियो, त्यो पवित्र स्थानको बोधिबृक्षको हाँगा (शाखा) पनि संघमित्रा थेरीसँगै लंका लैजाने। धर्मसम्राट अशोकलाई आफ्नी प्रिय छोरी भिक्षुणी संघमित्रालाई लंका पठाउने चाहना थिएन तैपनि बुद्ध धर्म र दर्शनको प्रचार प्रसारको लागि सम्राटले भिक्षुणी संघमित्रालाई लंका जाने, पठाउने अनुमति प्रदान गरी पूण्यमयी कार्य पुनः गर्नुभयो । पवित्र बोधिबृक्षको हाँगा (शाखा) लंका पठाउन ठूलो समारोहको आयोजना गरेको थियो। त्यस्तो पवित्र पावन समारोहमा वडो ठूलो अनुष्ठान गरी सुवर्णनिर्मित ज्यावलले बोधिबृक्षको हाँगा (शाखा) काटी सुरक्षितसाथ लंका लैजाने, पुऱ्याउने व्यवस्था समेत गरेको थियो। लंकामा पुगेपछि पवित्र बोधिबृक्षको हाँगा (शाखा) लाई ससम्मानपूर्वक राजकीय तवरले आरोपित गरेको थियो। ऐतिहासिक अनुराधपुरको महाविहारमा सोही पवित्र र पूण्यमयी बोधिबृक्षको हाँगा (शाखा) बाट फैलिएको सप्रिएको



Downloaded from http://www.dhamma.digital

बृक्ष हालसम्म पनि २३०० वर्षको इतिहास बोकी खडा भएको छ । सायद, संसारमा एक अर्को प्राचीनता बोकेको पवित्र बृक्ष भन्नुमा अत्युक्ति हुने छैन । यसै बृक्षलाई संसारमा पुरानो पूण्यमयी पवित्र बृक्षको रुपमा लिने गरीन्छ ।

लंका नरेश तिस्सले भिक्षुणी संधमित्रा थेरीलाई एउटा अलग्ग विहार बनाई दिनु भयो, जुन विहारलाई 'उपासिका-विहार' भनिन्थ्यो । त्यस्तै गरी भिक्षु महेन्द्र स्थविरलाई पनि अलग्ग विहार निर्माण गरी दिनु भएको थियो । भिक्षुणी संघमित्रा थेरी लंकामा पुगेपछि लंकाबासी राजकुमारी अनुलाले पाँच सय राजकन्याहरु र पाँचसय अन्तपुरकी स्त्री महिलाहरुको साथमा श्रामणेरी प्रब्रज्या ग्रहण गर्नु भएको थियो ।

भिक्षु महेन्द्र स्थविर र भिक्षुणी संघमित्रा थेरीको परिनिर्बाण प्राप्तीः– श्रद्धेय भिक्षु महेन्द्र स्थविर र भिक्षुणी संघमित्रा थेरीको शेष जीवनको बारेमा "महावँश" मा यसरी उल्लेख गरेको पाईन्छ, "उहाँहरुले सम्यक सम्बुद्धको ओवाद वाक्य अनुसार सद्आचरण र परिनिर्वाण आदीफलहरुको प्राप्ती लंकाद्वीपमा भएको थियो । लंकाको लागि, लंकाको दृष्टिमा भिक्षु महेन्द्र स्थविर भनेको सम्यक सम्बुद्ध समानको व्यक्तित्व हुनुहुन्थ्यो । भगवान बुद्ध सरहको ब्यक्तित्व श्रद्धेय भिक्षु महामहेन्द्र स्थविरले लंकाबासीहरुको बहुत बहुतै हितार्थ कार्य गरी ८०



Downloaded from http://www.dhamma.digital

वर्षको उमेरमा चैत्यपर्वतमा वर्षाबास बसी रहनु भएको बेलामा आश्वीन शुल्क अष्टमी (कौलाथ्व–८) को दिनमा परिनिर्वाण हासिल गर्नु भएको थियो भने धार्मीक कार्य र लंकावासी मानिसहरूको हित साधना गरी महासिद्धा, महामति, भिक्षुणी संघमित्रा महाथेरीले ७९ बर्षकी उमेरमा 'हत्थाल्हक विहार'मा रहनु भएकी बेलामा परिनिर्वाण प्राप्त गर्नु भएकी थिइन् । लंकामा सद्धर्म प्रचार गर्ने भिक्षु महेन्द्र स्थविर र भिक्षुणी संघमित्रा थेरीले परिनिर्वाण प्राप्त गरेको बेलामा लंका देशको राजसिंहासनमा राजा उत्तिय विराजमान हुनु भएको थियो । राजा देवानांपिय तिस्सको निधन पहिले नै भएको थियो । ताम्रपर्णी, सिंहलद्वीप, लंकामा बुद्ध धर्म र दर्शनको प्रचार प्रसार गर्ने प्रधान श्रेय श्रद्धेय भिक्षु महामहेन्द्र स्थविर र भिक्षुणी संघमित्रा महाथेरीलाई दिने गरीन्छ ।

<u>लंका नरेश तिस्सको देहावसानः–</u> लंकाधिपति नरेश देवानांपिय तिस्सको निधन ई.पू. २०७ मा भएको थियो, जुन कुरो माथि पनि उल्लेख भै सक्यो । राजा तिस्सको देहावसान पश्चात लंकाको राजसिंहासनमा वहाँकै भाइ उत्तिय विराजमान हुनु भएको थियो । राजा उत्तियपछि वहाँकै दुई भाइले श्रीलंकामा राज गर्नु भएको थियो । त्यसमध्ये कान्छो भाइ सूरतिस्सले ई.पू. १८७–१७७ सम्म राज्य गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

**तालिम शासक एलारको उदयः–** राजा सूरतिस्स (ई.पू. १८७–१७७) को राज्य शासनकालमा दक्षिण भारतका तामिलहरूले सिंहलद्वीप लंकामाथी आक्रमण गरी लंकाको उत्तरी भाग जिति लिए । त्यसरी लंकाको उत्तरी भेगमा तामिलहरूले शासन गरी आएका थिए भने ती तामिल शासकहरूमध्ये राजा एलारको नाम उल्लेखनीय छ र थियो पनि । वहाँ एक न्यायकारी राजा हुनुहुन्थ्यो । शासनको दौरानमा मित्र, शत्रु, स्वजन आदिमा कुनै किसिमको, प्रकारको भेद नगरी सम्मान तवरले न्याय सम्पादन गरी आउनु भएको थियो । वहाँको न्याय प्रदान गर्ने सम्बन्धमा अनेक कथाहरु प्रशिद्ध थिए । राजा एलारकै पुत्र राजकुमारले अनजानमा गाई मार्दा राजा एलारले आफ्नै पुत्रलाई मृत्युदण्ड दिनु भएको थियो । किनकी त्यसबेला वहाँको राज्यकालमा गोहत्या गर्नेलाई प्राणदण्ड दिने विधान थियो । त्यसरी न्यायकारी राजा भै राज्य गरी रहनु भएको थियो । तैपनि तामिल जातका राजाहरूले धेरै वर्षसम्म लंकामा शासन कायम राख्न सक्नु भएन ।

**राजा दुट्ठगामणीको उदयः–** महान प्रतापी सिंहल राजा दुट्गामणीले तामिल राजालाई परास्त गरी लंकामा पुनः राजनीतिक एकता स्थापित गर्नु भयो र ऐतिहासिक अनुराधपुरलाई पुनः अधिगत गरी राजधानी कायम गरी त्यहीबाट देशको



Downloaded from http://www.dhamma.digital

शासनिक कार्य थालनी गर्नु भयो। लंकाको इतिहासमा लंकाका राजाहरूमा राजा दुट्ठगामणी अत्यन्त प्रशिद्ध थिए । राजा दुट्ठगामणीले एकातिर तामिलहरूलाई परास्त गरी लंकामा राजशक्ति पुनः स्थापित गर्नु भयो भने त्यसको साथसाथै बुद्ध धर्म र दर्शनलाई उत्कर्ष अवस्थामा पुऱ्याउन अनेक महत्वपूर्ण कार्यहरू गर्नु भएको लंकाली इतिहास साक्षी छ । राजा दुट्ठगामणीले लंकामा सबैभन्दा ठूलो स्तूप "रत्नमाल्य चैत्य" निर्माण गर्न लगाउनु भयो। राजाको देहावसानपछि लंकाको राजधानी अनुराधपुरको राजसिंहासनमा विराजमान हुनु भएका राजाहरूको नामावली क्रमबद्ध रुपमा 'महावंश'मा उल्लेख गरेको पाईन्छ । यस रचनामा सबै राजाहरूको नाम उल्लेख गर्नु असम्भवप्रायः छ । त्यसमध्येकै उल्लेखयोग्य ऐतिहासिक राजा वट्टगामणीले ई.पू. २९–१७ सम्म शासन गर्नु भएको थियो । राजा वट्टगामणीको शासनकाल बुद्ध धर्म र दर्शनको उत्थानको दृष्टिमा विशेष महत्व रहेको थियो। वहाँको शासन कालसम्म आई पुग्दा भगवान बुद्धका उपदेशहरू लेखबद्ध भएका थिएनन्, लिपिबद्ध भएका थिएनन् । त्यसबेलासम्म पनि स्थविर, महास्थविर र अर्हत भिक्षुहरूले कण्ठस्थ गरीरहेका हुन्थे। श्रुत परम्पराद्वारा गुरुले शिष्यलाई उनको शिक्षा दिने गर्दथे, शिष्यले आफ्नो गुरुबाट त्यो ज्ञान प्राप्त गर्ने गर्दथे। पछिल्ला वर्षहरूमा



Downloaded from http://www.dhamma.digital

तामिलहरूको जुन आक्रमण लंकामा भै रहेको थियो, त्यसको कारणबाट बौद्ध भिक्षुहरूको लागि संकटप्रायः भईरहेको थियो। बौद्ध भिक्षुहरूलाई निश्चिन्त भै बुद्धको अमृत बचनलाई स्मरण गरी राख्न पनि सुगम भएन । वट्टगामणीले राज्यारुढ गर्नु भएपछि लंकामा एक घोर दुर्भिक्ष पनि हुन पुग्यो, जुन कारणले गर्दा बौद्ध भिक्षुहरूले आ-आफ्नो जीवन निर्वाह गर्न पनि कठीन हुन पुग्यो। लंकामा जब दुर्भिक्ष समाप्त भयो, त्यहाँका प्रज्ञाबान, विवेकशील भिक्षुहरूले बिचार गर्नु भयो कि यदि भविष्यमा पनि यस्तै किसिमको उपद्रव भयो भने त सायद् भगवान बुद्धका अमृत वचन लोप नै हुने भए। अतः भिक्षुहरूले यस अमृत वचनलाई लेखबद्ध गर्ने उचित हुने सोच पहिल्याउनु थियो।

<u>त्रिपिटकको लिपिबद्ध गर्ने प्रथम अभियानः–</u> लंकाको राजधानी अनुराधपुरका महाविहारमा श्रद्धेय प्रज्ञावान, विवेकशील अर्हत भिक्षुहरूको महासंघको बैठक बस्नु भयो, संगायन (संगीति) बस्नु भयो । त्यो पवित्र संगायनमा विनय, सुत्र, अभिधर्म र त्यसको टिकाहरू (अट्ठकथाहरू) को श्रवण-पारायण भयो। महासंघको संगायनको निर्णयानुसार पारायण पश्चात मातले समिपको 'अलुलेना' गुफा (गुहा)मा संसारमा सर्वप्रथम भगवान बुद्धको अमृत वचनलाई लेखबद्ध, लिपिबद्ध गरीयो । त्यसरी श्रुति परम्परामा मात्र रहेको बुद्ध वचनलाई लेखबद्धमा प्रादुर्भाव



Downloaded from http://www.dhamma.digital

गरियो। पाली भाषामा लिपिबद्ध या लेखबद्ध गरेको त्रिपिटक नै वास्तवमा बुद्ध धर्म र दर्शनको प्रामाणिक धर्मग्रन्थ हुन पुग्यो। 'त्रिपिटक'-सुत्र, विनय र अभिधम्म नै भगवान बुद्धको अमृत वचन संग्रह गरेको मौलिक धर्मग्रन्थ हो।

त्यसै समयमा लंकामा बुद्ध धर्मावलम्वीहरूको बीचमा केही मतभेदको प्रादुर्भाव भएको देखिन्छ। राजा वट्टगामणीले श्रद्धेय भिक्षुहरूको निम्ति एक विहार निर्माण गरी दिनु भएको थियो। त्यो विहारलाई 'अभयगिरि विहार' भनी लोक प्रशिद्ध भएको थियो, जुन विहार राजाले तिष्य नामका भिक्षुलाई दान गर्नु भएको थियो।

धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, नगदेशको दोश्रो साधारण सभाप्रति समर्पित गरी सानो पुस्तिका प्रकाशन गर्ने जमर्को गरी रचना गरेको हो प्रथम खण्डको रुपमा। यस प्रथम खण्डमा लंका या सिंहल या ताम्रपर्णीद्वीपका राजा विजयसिंहदेखि राजा वट्टगामणीसम्मको अर्थात सिंहलद्वीप नामांकरणदेखि बुद्ध धर्मको प्रवेश लगायत भगवान बुद्धको अमृत वचन श्रुतः परम्परादेखि लिपिबद्ध या लेखबद्धसम्मको बुद्ध धर्म र दर्शनको दृष्टिमा अति नै महत्वपूर्ण र समसामयिक हुने देखि रचना गरेको हुँ। यसमा राजनैतिक भन्दा धार्मीक र दार्शनिक तवरले लंकामा विकसित बुद्ध धर्म र दर्शनको बारेमा थाहा हुनु, थाहा पाउनु पनि राम्रो हो भन्ने मनसायबाट अभिप्रेरित भै लेखेको हुँ। भवतु सब्व मंगलं !

(बाँकी खण्ड पछि कुनै प्रकाशनमा प्रस्तुत हुनेछ।)



Downloaded from http://www.dhamma.digital

# श्रामणेरी र भिक्षुणी प्रब्रज्या र उपसम्पदा बारे एक चर्चा

महाबोधि सोसाइटी, भारतको मुख-पत्रको रुपमा प्रकाशित "महाबोधि" पत्रिका असाध्यै ढिलै भएपनि एकजना कल्याणमित्र कुलधर्मरत्न तुलाधर मार्फत अध्ययन गर्ने, पढ्ने, हेर्ने सुअवसर प्राप्त भएको थियो गत बि.सं. २०६० असार २६ अर्थात ई.सं. २००३ जूलाई–१०, बिहिबारका दिन । उक्त दिनलाई मैले सुअवसर र भाग्यशाली दिनको रुपमा लिएको छु। गत ई.सं. २००३ जून –१ को दिनमा नगदेश बौद्ध समूहको तेश्रो साधारण सभाको समुद्घाट्न अग्ग महासद्धम्म जोतिक धज, त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरज्यूले गर्नु हुँदै प्रमुख अतिथिको आशनबाट आफ्नो उद्गार व्यक्त गर्ने क्रममा थेरवाद बुद्ध शासनमा भिक्षुणी परम्परा दुई हजार वर्ष अघि नै नभएको, लोप भएको संस्मरण गराउनु भएको थियो । यस्तो परम्परा महायानी बुद्ध धर्ममा मात्र भएको, मित्रराष्ट्र चीनमा मात्र बुद्धकालीन समय देखिको अटुट रुपमा महायानी भिक्षुणी रहेको संस्मरण गर्नु गराउनु भएको थियो । थेरवादी बुद्ध शासनमा पनि भिक्षुणी परम्परा कायम गर्नु पर्ने समयको माग हो, नत्र बुद्ध शासन दिगो रहन कठीनप्रायः हुन्छ भनी मन्तव्य राख्नु हुने वक्ताप्रति लक्षित गरी थेरवादी बुद्ध शासनमा भिक्षुणी परम्परा लोप भैसकेकोले कायम गर्न सकिंदैन भनी उद्गार व्यक्त गर्नु भएको थियो । बुद्धकालीन समयदेखि भिक्षुणी परम्परा पाँच सय



Downloaded from http://www.dhamma.digital

वर्षसम्म मात्र जीवित भएको, त्यसपछि लोप भएको भनी जोड दिनु भएको पनि संस्मरण योग्य छ, थियो । अतः हाललाई भिक्षुणी परम्परा कायम गर्न नसकिने, थाइल्याण्ड, बर्मा (म्यानमाः) र श्रीलंका जस्ता थेरवादी बौद्ध मुलुकका श्रद्धेय भिक्षु संघबाट अनुमोदन गरी परम्परा कायम गरेमा, भएमा मेरो भन्नु केहि छैन । विशुद्ध रुपमा थेरवादमा भिक्षुणी भन्ने छैन अनागारिकाको परम्परा रही आएको छ भनी उद्‌गार व्यक्त गर्नु भएको थियो श्रद्धेय भिक्षु कुमार काश्यय महास्थविरज्यूबाट । तर एकाध महिना पश्चात माथि उल्लेख गरेका कल्याणमित्रबाट प्राप्त भएको "महाबोधि" बौद्ध पत्रिका अंग्रेजी संस्करण अध्ययन गर्दा खुशीको कुरो थाहा भयो, थेरवादी बौद्ध मुलुक श्रीलंकामा पनि थेरवादी परम्परा अनुसारकै भिक्षुणी /श्रामणेरी प्रब्रज्या र उपसम्पदा दीक्षा प्रदान गरी पुनर्जागृत गरेको इतिहास पनि संस्थापन भैसकेको रहेछ ।

श्रीलंकामा थेरवादी बुद्ध शासनको पुंनर्जागृत गर्ने सिद्धहस्त व्यक्तित्व, युगपुरुष, महापुरुष अनागारिक धर्मपालले सन् १८९५ मै भिक्षुणी परम्पराको पुनः शुभारम्भ गर्नु भएको थियो । त्यही परम्परालाई क्याथरीन डे एल्वीस (Catherene De Aluis) ले बर्मा जानु भै त्यहाँबाट भिक्षुणी भै भिक्षुणी परम्परालाई निरन्तरता दिनु भएको थियो । भिक्षुणी भएपछि वहाँको नाम "भिक्षुणी सुधर्मचारी" राखिएको रहेछ । यो घट्‌ना भनेको सन् १९०३ तिरको थियो । वहाँले सन् १९०३मा 'दशशीलमठ' संस्थापन गरी यसको केन्दीय कार्यालय(Head-quarter) श्रीलंकाको कातुकेले, क्याण्डी (Katukelle, Kandy) मा खोल्नु भएको रहेछ ।



Downloaded from http://www.dhamma.digital

त्यहाँदेखिको परम्परालाई कायम राखी गत ई.सं. १९९६ डिसेम्बर-८ तारिखका दिन (बुद्ध सं. २५४०) भारतको सारनाथ, मृगदावन, ऋषिपत्तन, जहाँ शान्तिका महानायक, तथागत, गौतम बुद्धले प्रथमपल्ट पञ्च भद्रवर्गीय भिक्षुहरुलाई धर्मोपदेश दिई धर्मचक्र प्रवर्तन गर्नु भएको ऐतिहासिक संवेजनीय स्थलमा महायानी र थेरवादी सम्प्रदायको महासंघ वसी श्रामणेरी र भिक्षुणी प्रब्रज्या र उपसम्पदा दीक्षा कार्यक्रम भव्य तवरले आयोजना गरी सम्पन्न गरेको समाचार महाबोधि पत्रिकामा अध्ययन गर्ने सुअवसर मिल्यो। वहाँलाई साधुवाद छ। उक्त पवित्र र पुनित समारोहमा भारत, श्रीलंका, तिब्बत, थाईल्याण्ड, कोरिया र नेपालका गरी सयौं श्रद्धेय भिक्षु भिक्षुणीहरु उपस्थित हुनु भएको रहेछ। सारनाथको समारोह स्थलमा हजारौं पञ्च रश्मीयुक्त बौद्ध झण्डाहरू फहराएको रहेछ, माङ्गलिक सूत्रहरु पाठ गर्नु भएको रहेछ। सारनाथ स्थितको मूलगन्धकुटी परिसर समेत उत्सवमय रं धार्मीक वातावरणले छाएको रहेछ।

Dhamma.Digital

यस्तो संयुक्त ऐतिहासिक समारोहको आयोजना विश्व बौद्ध संघ परिषद र अन्तर्राष्ट्रिय बौद्ध महिलाहरुको संघ-शाक्यधिता संगठनको संयुक्त आयोजनामा श्रद्धेय भिक्षु डा. मापलगमा विपुलसार महाथेरो, जो विश्व बौद्ध संघ परिषदका महामन्त्री एवं महाबोधि सोसाईटीका श्रद्धेय अध्यक्ष पनि हुनुहुन्छ, को निमन्त्रणामा भारतको सारनाथमा सुसम्पन्न भएको रहेछ। उक्त पवित्र र पुनित समारोहमा महायानीहरूको महायानी परम्पराबाट र थेरवादीहरूको थेरवादी परम्पराबाट श्रामणेरी र भिक्षुणी प्रब्रज्या र उपसम्पदा दीक्षा कार्य सम्पन्न गरेको रहेछ। कोरीयाबाट मात्र विशेष गरी सयजना भन्दा बढी भिक्षु भिक्षुणी र



Downloaded from http://www.dhamma.digital

उपासक-उपासिकाहरू आउनु भएको थियो र महायानी कोरियन परम्परा अनुसार उपसम्पदा दीक्षा सम्पन्न गर्न गराउन आउनु भएको रहेछ ।

भारतको बौद्ध मिशिनरी सर्भिसमा थेरवादी परम्परा अनुसार भिक्षुणी उपसम्पदा प्राप्त गर्नाखातिर ३०० जना अनागारिकाहरूले निवेदन गरेकोमा दशजनालाई मात्र छनौट गरी भिक्षुणी उपसम्पदा कार्यमा सहभागी गरी दीक्षा प्रदान गरेको थियो । उक्त पवित्र कार्यको निर्देशन श्रद्धेय भिक्षु डा. मापलगमा विपुलसार महाथेरोज्यू र भारतका महाबोधि सोसाईटीका महामन्त्री श्रद्धेय भिक्षु डा. डोदाङ्गोडा रेवत थेरोले गर्नु भएको रहेछ । त्यसरी छनौट गरिएका दश जना अनागारिकालाई श्रीलंकामा आठ महिना अघिदेखि नै "धम्म, विनय र अंग्रेजी भाषा"को आवाशीय प्रशिक्षण "परम धम्म चेत्तिय पिरिवेन, रत्मालना, श्रीलंका"मा दिइरहनु भएको थियो ।

उक्त भव्य समारोहमा विभिन्न देशका बौद्ध भिक्षुहरु र हजारौ उपासक उपासिकाहरु सहभागी हुनु भएको थियो, रहेछ । पवित्र समारोहको शुभारम्भमा थेरवादी परम्परा अनुसार श्रीलंकाबाट पाल्नु भएका श्रद्धेय भिक्षुहरूबाट पञ्चशील र अष्टशील ग्रहण गरिएको थियो । श्रीलंकाली दशजना अनागारिकाहरूलाई भिक्षुणी उपसम्पदा दीक्षा सम्पन्न गरीसकेपछि श्रीलंकाका वरिष्ठ थेरवादी विनयधर श्रद्धेय भिक्षु पण्डित आन्दवाला देवसिरी थेरोले वहाँहरूलाई भिक्षुणी पात्तिमोक्खको आठ वटा पाराजिका नियम सुनाउनु भएको थियो । अन्तमा आशिर्वाद दिई थेरवादी परम्परा अनुसार महासंघको तर्फबाट पूण्यानुमोदन गरिएको थियो । यसरी हजार वर्ष अघिदेखि लोप भएको श्रीलंकाली



Downloaded from http://www.dhamma.digital

भिक्षुणी शासनलाई उक्त समारोहबाट सुनिश्चितता प्रदान गरेको थियो । उक्त सारनाथमा आयोजित भव्य समारोह श्रद्धेय भिक्षु डा. दोडाङ्गोदा रेवत थेरो, महासचिव महाबोधि सोसाईटी, भारत र श्रद्धेय भिक्षु देडियावेला विमल थेरो, भिक्खु ईञ्चार्ज र सचिव, महाबोधि सोसाईटी, सारनाथ केन्द्रको आयोजनामा भएको थियो ।

कोरियाली भिक्षु भिक्षुणीहरूको नेतृत्व गरी पाल्नु भएका श्रद्धेय भिक्षु फुई ह्युन सियो, जो विश्व बौद्ध संघ परिषद, कोरिया केन्द्रका अध्यक्ष हुनुहुन्छ ।

त्यस्तै गरी, यहाँनिर, श्रीलंकाबाट पाल्नु भएका दश जना अनागारिकाहरू, जसले भिक्षुणी उपसम्पदा दीक्षा प्राप्त गर्नु भएको थियो, वहाँहरूको नामावली निम्नानुसार छः–

१. श्रद्धेया कोलोञ्ञाणे कुसुमा भिक्खुणी
२. श्रद्धेया पेलियागादा सुदर्शना भिक्खुणी
३. श्रद्धेया वेकादा मोनार्या भद्रा भिक्खुणी
४. श्रद्धेया माताले विजिता भिक्खुणी
५. श्रद्धेया दालुपोथागामा हेमापाली भिक्खुणी
६. श्रद्धेया चिन्ता चन्द्रदस्सी भिक्खुणी
७. श्रद्धेया करवानेल्ले समा भिक्खुणी
८. श्रद्धेया वन्दरवेला सुधम्मिका भिक्खुणी
९. श्रद्धेया गले सुभद्रा भिक्खुणी
१०. श्रद्धेया धम्मिता सुभद्रा भिक्खुणी

श्रीलंकामा थेरवादी परम्परा र सँस्कार अनुरुप आजभन्दा एक सय ६ वर्ष अघिनै युगपुरुष, महान व्यक्तित्व अनागारिक धर्मपालले



Downloaded from http://www.dhamma.digital

महान करुणा र मानवीयता राखी भिक्षुणी परम्पराको शुभारम्भ गर्नु भएको थियो भने सन् १९०३ सालतिर नै क्याथरिन डे एल्वीस (Catherene De Aluis) ले बर्मामा पुगी भिक्षुणी दीक्षा लिई निरन्तरता कायम गर्नु भएको इतिहास साक्षी छ। वहाँले सन् १९०३ मै "दशशीलमठ" संस्थापन गरी यसको केन्द्रीय कार्यालय (Head-Quarter) श्रीलंकाको कातुकेल्ले, क्याण्डी (Katukelle, Kandy)मा खोल्नु भएको कुरो माथि पनि उल्लेख गरीसकेको छु। त्यही परम्परालाई हालसम्म पनि निरन्तरता दिई आएको अर्को प्रमाण भनेकै गत ई.सं. १९९६ डिसेम्बर–८, (बुद्ध सम्बत २५४०) मा भारतको सारनाथमा थेरवादी र महायानी सम्प्रदायको छुट्टा छुट्टै महासंघ बसी श्रामणेरी र भिक्षुणी प्रव्रज्या र उपसम्पदा कार्य बडो सुरम्य वातावरणमा सुसम्पन्न भै सकेको कुरो पनि माथि नै उल्लेख गरेको छु।

यसरी एक शताब्दी अघिदेखि नै थालनी र शुभारम्भ भै निरन्तरता कायम मै आएको भिक्षुणी परम्परालाई नेपालको श्रद्धेय र सम्मानित **अखिल नेपाल भिक्षु महासंघ**ले पनि उद्धार र करुणाको दृष्टिपात गरी भगवान् बुद्धको पावन जन्मभूमि नेपालमा भिक्षुणी परम्परालाई ग्राह्य बनाउनु समयको माग भएको छ। युगले कोल्टे फेरी सक्यो। नेपाली उखान नै छ, समय आउँछ पर्खिंदैन, बगेको खोला फर्किंदैन। समयको बहावसित समागम गर्नुमा बुद्धिमानी ठहरीन्छ। सामन्तवादी सोच र शैली त्याज्य छ, प्रजातन्त्रवादी र जनगणतन्त्रवादी सोच र शैली मनन योग्य, व्यवहार योग्य छ, अनुकरणीय छ। पालि साहित्य–त्रिपिटक र श्रद्धेय भिक्षुसंघबाट धर्मोपदेश गर्ने र हुने बेलामा भन्ने गरीन्छ, बुद्ध शासनिक कार्यलाई सफलीभूत पार्न र बुद्ध शासन



Downloaded from http://www.dhamma.digital

रुपी रथलाई सुगम ढंगले हाक्न भिक्षु-भिक्षुणी–उपासक-उपासिकारुपी चार पाङ्ग्रा (चक्का) सबल हुनु पर्दछ। ती चार पाङ्ग्रा (चक्का) मध्ये एउटा पाङ्ग्रा कमजोर भयो भने त्यो रथलाई सुगम ढंगले लान सकिंदैन। अतः समयको माग छ चारै वटा पाङग्रा (चक्का) सबल बनाई बुद्ध शासनिक कार्यलाई निरन्तरता दिई चीरस्थायी गर्नु पर्ने। शान्तिका महानायक, तथागत गौतम बुद्धको पावन जन्मभूमिका श्रद्धेय **अखिल नेपाल भिक्षु संघ** लगायत थेरवादी प्रधान मुलुकका श्रद्धेय भिक्षु संघहरूले सदाशयता राखी मध्यमार्गी भै पुनर्विचार गर्नु पर्ने सख्त आवश्यक भै सकेको छ। बुद्धशासन बाहिर र भित्र पनि महिला उपासिकाहरूले समेत नारी हक हितको सन्दर्भमा जागृत भै चेत्तित भै तदारुकताका साथ लागी परेका बेलामा श्रद्धेय भिक्षु संघले पुनर्विचार गरी दुर्बल चक्कालाई सबल तुल्याउनु स्वयंमा बुद्धिमानी ठहरिनेछ।

*भवतु सब्ब मङ्गलं !*

Dhamma.Digital

<u>*सन्दर्भ सामग्रीहरू:–*</u>


१. *डा. सत्यकेतु विद्यालंकार, डी. लिट्. (पेरिस)*
*दक्षिण-पूर्वी और दक्षिणी एशिया मे भारतीय सँस्कृति*
*प्रकाशक : श्री सरस्वति सदन, ए-१/३२ सफदरजंग इन्क्लेब, नईदिल्ली–२९; नौवौं संस्करण–२००३*

२. *कृष्ण कुमार प्रजापति, न्हायकुति भगवान-एक परिचय*
*प्रकाशक : नगदेश बौद्ध समूह-२०४५, मध्यपुर थिमि नगर–६*
*प्रथम संस्करण इं.सं. २००२ फेब्रुवरी २७ (बुद्ध सं. २५४५)*

३. *महाबोधि अंग्रेजी पत्रिका – महाबोधि सोसाइटी, भारत*




Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# लेखक

| | |
|---|---|
| नाम | : **कृष्ण कुमार प्रजापति** |
| जन्म मिति | : २०११ भाद्र-४ |
| ठेगाना | : मध्यपुर थिमि नगर–५, त्वागा:टोल, नगदेश |
| बुबा | : कसं कुमार प्रजापति |
| आमा | : बिसं माया प्रजापति |

नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, नगदेशको बहालवाला सचिव

**लेखकको बुद्ध दर्शन र धर्म सम्बन्धि हालसम्म प्रकाशित कृतिहरू:**

१. बुद्ध शरीर होईन, विचार हो ! (२०४६)
२. बुद्ध-एक कुशल चिकित्सक (२०४८)
३. बौद्ध झण्डा-एक गरिमामयी प्रतीक (२०५२)
४. नगदेश बौद्ध समूहको विधान (२०५२)
५. गौतम बुद्धका समकालीन भिक्षुहरु (भाग १) (२०५८)
६. बुद्धकालीन समाजया परिस्थिति व थी थी हलंज्वलं (२०५८)
७. न्हाय्कुति भगवान –एक परिचय (२०५८)
८. त्रिरत्न बन्दना, परित्राण र बौद्ध सँस्कार पद्धति (२०५९)
९. गौतम बुद्धका समकालिन भिक्षुहरु (भाग–१) (२०५९)
   (परिमार्जित, संशोधित एवं सम्बर्द्धित)
१०. नगदेश बौद्ध समूहया गतिविधि (२०६०)
११. हलिंमय् दकले त:जागु स्तुप 'केसरिया'–छगू अध्ययन (२०६२)
१२. सिंहलद्वीप श्रीलंका –एक अध्ययन (तपाईको हातमा) (२०६२)

## हार्दिक अनुरोध ।

नगदेश बौद्ध समूहको क्रियाशिलतामा भ.पु.जि., मध्यपुर थिमि न.पा.–६, महाखेल चौरमा "नगदेश बुद्ध विहार" भवन र त्यसको हाता निर्माण कार्य भईरहेकोले श्रद्धालु महानुभावहरुद्वारा आ–आफ्नो श्रद्धा चित्तले आर्थिक र भौतिक सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

– नगदेश बौद्ध समूह–२०६५

Downloaded from http://www.dhamma.digital